नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौं ।

# प्रेस विज्ञप्ति

**१. दशौं दक्षिण एसिया आर्थिक सम्मेलन (10th South Asia Economic Summit) सम्बन्धी ।**

यही कार्तिक २८ गतेदेखि ३० गते (१४-१६ नोभेम्बर २०१७) सम्म काठमाण्डौमा दशौं दक्षिण एशियाली आर्थिक शिखर सम्मेलनको आयोजना हुन गइरहेको छ । राष्ट्रिय योजना आयोग, वाणिज्य मन्त्रालय तथा South Asia Watch on Trade, Economics and Environment (SAWTEE) को संयुक्त आयोजनामा हुने यस सम्मेलनको मूल विषय दक्षिण एशियामा समावेशी तथा दिगो विकासका निम्ति आर्थिक एकीकरणलाई बलियो तुल्याउने रहेको छ ।

दक्षिण एशियाली विकासका चुनौतिहरु सन्दर्भमा विचार तथा विमर्शको थालनी गर्दै सन् २००८ मा शुरु भएको यस मञ्चले स्थापनाको एक दशकमै क्षेत्रीय एकीकरण र सहकार्यको सशक्त माध्यमका रुपमा आफूलाई विकसित गर्दै गएको छ । यस शिखर सम्मेलनमा सार्क राष्ट्रका वाणिज्य मन्त्रीहरु, योजनाविद्हरु, आर्थिक क्षेत्रसँग सम्बन्धित प्रबुद्ध व्यक्तिहरु तथा दक्षिण एशियाली मुलुकका उच्चपदस्थ सरकारी अधिकारीहरु सहित २०० भन्दा बढी सहभागीहरुको प्रतिनिधित्व रहने छ । यसका अतिरिक्त युरोपियन युनियन तथा SAARC पर्यवेक्षक मुलुकहरुबाट समेत प्रतिनिधित्व रहने छ । यस क्षेत्रका मुलुकहरुका स्थापित खोजकर्ता, विद्वतवर्ग एवम् विज्ञहरुको समानान्तर रुपमा सञ्चालन हुने विभिन्न १८ सत्रहरुमा सहभागिता रहनेछ :

- अन्तर क्षेत्रीय व्यापार सम्भाव्यताको खोजी
- दक्षिण एशियामा दिगो विकास लक्ष्यहरु एवम् समावेशी विकास
- मौसम परिवर्तनका विषयमा क्षेत्रीय सहकाय
- दक्षिण एशियमा विद्युतीय व्यापार तत्परताको आँकलन
- अन्तर क्षेत्रीय लगानी सम्भाव्यताको खोजी
- प्रकोप जोखिम न्यूनीकरणमा क्षेत्रीय सहकार्य
- विश्वव्यापार संगठन (WTO) को आगामी ११औं मन्त्रीस्तरीय वैठकमा दक्षिण एशियाली दृष्टिकोण
- व्यापार सहजीकरण, पारवहन र आपसी सम्पर्कसम्बन्धी विषय
- अन्तराष्ट्रिय श्रमिक आप्रवास तथा विप्रेषणबाट सृजित अवसर एवम चुनौतिहरुको अन्वेषण
- दक्षिण एशियामा वनस्पतिजन्य बौद्धिक सम्पत्ति अधिकारमाथिको निगरानी
- क्षेत्रीय एकीकरणमा SAARC पर्यवेक्षकहरुको भूमिका
- नवप्रवर्तन एवम् साना तथा मझौला उद्योगहरुका माध्यमद्वारा ग्रामीण अर्थतन्त्रको सुदृढीकरण
- उर्जा सहकार्यका मुद्दाहरु
- रोजगारी सृजनाका निम्ति क्षेत्रीय मूल्य श्रृंखला का सामर्थ्यहरुको सदुपयोग ।
- आर्थिक साधनहरुको सुधार

यस सम्मेलनको कममा उच्चपदस्थ अधिकारीहरु (मन्त्री, सांसद तथा राजदुतहरु) का निम्ति क्षेत्रीय सहकार्य र आर्थिक एकीकरणका विषयमा गहनतापूर्वक क्षलफल गर्न ४ वटा विशेष पूर्ण सत्रहरुको व्यवस्था गरिएको छ भने क्षेत्रीय सहकार्य र एकीकरणका अगुवा डा. समन केलेगामा का योगदानहरुको सम्मानार्थ एउटा विशेष सत्र समेतको आयोजना गरिनेछ ।

दशौ दक्षिण एशियाली आर्थिक शिखर सम्मेलनलाई भव्य रुपमा आयोजन गर्नका निम्ति राष्ट्रिय योजना आयोग सम्पूर्ण सरकारी, निजी, गैरसरकारी क्षेत्र, पत्रकार एवम् आम जनसमुदायमा हार्दिक अपिल गर्दछ ।

तुलसी प्रसाद गौतम
सहसचिव एवं प्रवक्ता